प्रति साधारण शेयर रु.१००/- अंकित दरका १,८०,००० कित्ता मध्ये २ प्रतिशत अर्थात ३,६०० कित्ता साधारण शेयरहरू कम्पनीका कर्मचारीहरूको लागि सुरक्षित गरिएको तथा ५ प्रतिशत अर्थात ९,००० कित्ता साधारण शेयरहरू सामूहिक लगानी कोषको लागि बाँडफाँड गरिएको र बाँकी १,६७,४०० कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको।

नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड
Nepal Seva Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (३ जिल्ला कार्य क्षेत्र भएको)

केन्द्रीय कार्यालय, फटकशिला-८ सिन्धुपाल्चोक
फोनः ०१-६२०४७०७
इमेलः nepalseva@gmail.com, वेभसाइटः www.nslbsl.com.np

को

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता	**: ५० कित्ता**
दरखास्त दिनपाउने अधिकतम कित्ता	**: ९०० कित्ता**

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७४/१२/२०, नेपाल राष्ट्र बैंकमा विवरण-पत्र दर्ता भएको मिति २०७४/१२/२१ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७४/१२/२९ गते।

१. संस्थाको नाम :

नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड (Nepal Seva Laghubitta Bittiya Sanstha Limited)।

२. संस्थाको रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय सिन्धुपाल्चोक जिल्ला, साविक फटकशिला गाउँ विकास समिति, वार्ड नं. ८ (हाल मेलम्ची नगरपालिका वार्ड नं १३, फटकशिला) मा रहेको छ।

३. कारोवार गर्ने मुख्य स्थान :

यस वित्तीय संस्थाको कारोवार स्थान सिन्धुपाल्चोक, नुवाकोट र रसुवा जिल्ला गरी ३ जिल्ला रहेको छ र नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकिनेछ। हाल यस वित्तीय संस्थाले रजिर्ष्टर्ड कार्यालयको अलावा देहायका स्थानहरुमा रहेका शाखा कार्यालयहरुबाट आफ्नो वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ।

क्र.सं.	कार्यालयको नाम	कार्यालय रहेको स्थान	क्र.सं.	कार्यालयको नाम	कार्यालय रहेको स्थान
१.	शाखा कार्यालय, फटकशिला	फटकशिला-८, फटकशिला, सिन्धुपाल्चोक	५.	शाखा कार्यालय, ढिकुरे	खानीगाउँ-४, ढिकुरे, नुवाकोट
२.	शाखा कार्यालय, बेत्रावती	लहरपौवा-२, बेत्रावती, रसुवा	६.	शाखा कार्यालय, जलबिरे	जलबिरे-४, जलबिरे, सिन्धुपाल्चोक
३.	शाखा कार्यालय, ग्याल्थुम	महाँकाल-१, ग्याल्थुम, सिन्धुपाल्चोक	७.	शाखा कार्यालय, भोटेचौर	भोटेचौर-२, भोटेचौर, सिन्धुपाल्चोक
४.	शाखा कार्यालय, चौतारा	चौतारा-७, चौतारा, सिन्धुपाल्चोक	८.	शाखा कार्यालय, रातमाटे	रातमाटे-१, रातमाटे, नुवाकोट

४. संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र मुख्य उद्देश्यहरु :

वित्तीय संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

यस वित्तीय संस्था २०७०/०८/१६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो। यस वित्तीय संस्थाले मिति २०७१/०४/२१ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त गरी मिति २०७१/०८/०८ गतेका दिनदेखि औपचारिक रुपले कारोवार शुभारम्भ भएको यस वित्तीय संस्थाको कार्यक्षेत्र सिन्धुपाल्चोक, नुवाकोट र रसुवा जिल्ला गरी ३ जिल्ला रहेको छ। यस वित्तीय संस्थाका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ।

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिषर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग तथा वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने।
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायीक रुपले संभाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिकालागि आवश्यक बैंकिङ्ग तथा वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापार एंव कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने।
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणकालागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने।
(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने, र
(ङ) देशको समग्र वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने।

५. संस्थाको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी :

यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.१०,००,००,०००/- (अक्षरेपी दश करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १०,००,००० (दश लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

जारी पूँजी :

यस वित्तीय संस्थाको तत्काल जारी पूँजी रु.६,००,००,०००/- (अक्षरेपी छ करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले ६,००,००० (छ लाख) थान शेयरमा विभाजन गरिएको छ।

चुक्ता पूँजी :

यस वित्तीय संस्थाको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु.४,२०,००,०००/- (अक्षरेपी चार करोड बीस लाख मात्र) रहेको छ जसलाई रु.१००/- का दरले ४,२०,००० (चार लाख बीस हजार) थान शेयरमा विभाजन गरिएको छ। यस विवरणपत्र मार्फत सर्वसाधारणलाई रु.१,८०,००,०००/- (अक्षरेपी एक करोड असी लाख मात्र) रकम बराबरको शेयरको निष्काशन पश्चात् लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी रु.६,००,००,०००/- (अक्षरेपी छ करोड मात्र) हुनेछ।

अधिकृत, जारी तथा चुक्ता पूँजीमा भईआएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

यस वित्तीय संस्थाको स्थापना पश्चात् पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरणः

क्र.सं.	आ.व.	अधिकृत पूँजी	जारी पूँजी	चुक्ता पूँजी
१	२०७०/७१	५०,०००,०००	१५,०००,०००	१०,५००,०००
२	२०७१/७२	५०,०००,०००	१५,०००,०००	१०,५००,०००
३	२०७२/७३	५०,०००,०००	३०,०००,०००	१५,१६०,०००
४	२०७३/७४	५०,०००,०००	३०,०००,०००	२१,०००,०००
५	२०७४/७५*	१,००,०००,०००	६०,०००,०००	४२,०००,०००

*चालु आ.व.२०७४/०७५ को आश्विन मसान्त सम्ममा वित्तीय संस्थाको चुक्ता पूँजी रु.३ करोड ६४ लाख २८ हजार रहेकोमा यस आ.व.मा नै संस्थापक तर्फको हकप्रद शेयर निष्काशन गरिएकोमा सो को बाँडफाँड भई मिति २०७४/११/१८ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत अभिलेख भईसकेको छ। तत्पश्चात् वित्तीय संस्थाको हालको चुक्ता पूँजी रु.४ करोड २० लाख रहेको छ।

६. सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनीहरु	साधारण शेयर कित्ता	पूँजी संरचना (%)	चुक्ता रकम रु.	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	४,२०,०००	७०	४,२०,००,०००	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	१,८०,०००	३०	१,८०,००,०००	शतप्रतिशत
	जम्मा	६,००,०००	१००	६,००,००,०००	शतप्रतिशत

७. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

वित्तीय संस्थाको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार एक जना महिला सञ्चालक सहित ५ (पाँच) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ। सर्वसाधारणको तर्फबाट निर्वाचित भई आउने सदस्य पूर्ति नभएसम्म साविकका संस्थापक समूहबाट प्रतिनिधित्व कायम राख्न बाधा पर्ने छैन।

संस्थापक समूहबाट मनोनित/निर्वाचित	३ (तीन) जना
सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित	१ (एक) जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक	१ (एक) जना

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :

यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन।

नोटः यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा २५० (दुई सय पचास) कित्ता शेयर लिएको हुनुपर्नेछ भन्ने व्यवस्था भएकोमा सञ्चालक समितिको वैठकको निर्णयबाट आगामी वार्षिक साधारण सभाबाट उक्त व्यवस्थालाई संशोधन गरी १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ भनी संशोधन गरिएको छ।)

८. संचालक तथा आधारभुत शेयरधनीहरुको विवरण :

आधारभुत शेयरधनीहरुको विवरण

सि.नं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव
१	श्री राजेन्द्र मल्ल	संस्थापक शेयरधनी	५४	नेपाली	काठमाण्डौ जिल्ला वडा नं. १० नयाँबानेश्वर	३१,४५४	वि.कम	- नेपाल चेम्बर अफ कमर्श, उपाध्यक्ष हालसम्म - कान्तिपुर इन्जिनियरिङ कलेज, संचालक - प्रभु इन्स्योरेन्स, उपाध्यक्ष - तिरौला होटल प्रा.लि., अध्यक्ष - भक्तपुर इट्टा तथा टायल उद्योग, संचालक
२	श्री राजन कर्माचार्य	संस्थापक शेयरधनी	४१	नेपाली	नाला, बनेपा, न.पा.	३८,०००	स्नातक	व्यापार तथा व्यवसायमा संलग्न
३	श्री इन्द्रमाया गोपाजु	संस्थापक शेयरधनी	६३	नेपाली	काभ्रेपलान्चोक देउपुर गा.वि.स वडा नं. ४	३०,५००	शिक्षित	गृहणी

सञ्चालकहरुको विवरणः

सि.नं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव
१	श्री मदन गोपाल श्रेष्ठ (संस्थापक समूह)	अध्यक्ष	५७	नेपाली	साँखु-६, काठमाण्डौ	२५,३९२	एम.फिल	- सह-प्राध्यापक, पद्मकन्या बहुमुखी क्याम्पस, बागबजारमा सन् १९९६ देखि हालसम्म। - अध्यक्ष, फ्रेण्ड्स अफ साँखु (FOS), सन् १९९१ देखि हालसम्म।
२	श्री उदयश्वर श्रेष्ठ (संस्थापक समूह)	संचालक	५५	नेपाली	बनेपा-५, काभ्रे	२,०००	एम.वि.ए. (फाइनल)	- यु.एस. एण्ड एसोसिएट्स्, लेखा परीक्षकको रुपमा हालसम्म कार्यरत। - प्रोजेक्ट एकाउन्टेन्ट, पेट्रोलियम एक्सप्लोरेसन प्रोमोसन प्रोजेक्टमा १ वर्ष ६ महिना। - आर्टिकल ट्रेनिङ्ग, किशोर गुप्ता एण्ड कं., रिषि गोविन्द एण्ड एसोसिएट्स, नयाँ दिल्ली, भारतमा ३ वर्ष। - लेखा परीक्षण प्रबन्धक, सि.वि. जोशी एण्ड कं. मा २ वर्ष १० महिना। - नायब महा प्रबन्धक, सिल्बर फाइबर टेक्सटाइल मिल्स प्रा.लि. मा ३ वर्ष ९ महिना। - लेखा सल्लाहकार, DANIDA RAS PROJECT, (IRD) १ वर्ष २ महिना।
३	श्री कुमार राज जोशी (संस्थापक समूह)	संचालक	४७	नेपाली	चौतारा-८, सिन्धुपाल्चोक	२,०००	एम.ए., वि.एल.	- कानून व्यवसायीको रुपमा २०४६ साल देखि हालसम्म कार्यरत।
४	श्री सुकुमान डंगोल (संस्थापक समूह)	संचालक	३५	नेपाली	सरमथली-१, रसुवा	४,०००	एम.फिल	- संस्थापक/संचालक, कल्याणकारी विद्या मन्दिर, विदुर, नुवाकोट। - उप-प्राध्यापक, त्रिभुवन त्रिशुली बहुमुखी क्याम्पस, विदुर नुवाकोटमा २ वर्ष। - उप-प्राध्यापक, नुवाकोट आदर्श बहुमुखी क्याम्पस, विदुर, नुवाकोटमा हालसम्म कार्यरत।
५	श्री दुर्गा प्रसाद मल्ल (संस्थापक समूह)	संचालक	६४	नेपाली	साँखु-१, काठमाण्डौ	१८,०००	एम.वि.ए.	- २०६० साल पौष देखि हालसम्म कार्यकारी निर्देशक, भक्तपुर इट्टा तथा टायल उद्योग, जगाती, भक्तपुर। - महाप्रबन्धक-लुम्बीनी चिनी कारखाना। - महाप्रबन्धक-भृकुटी कागज कारखाना। - महाप्रबन्धक-हरिसिद्धी ईटा तथा टायल उद्योग।

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरणः

क्र.सं.	नाम	पद	योग्यता	कार्यानुभव
१.	श्री शिव कुमार मल्ल	प्रमुख कार्यकारी अधिकृत	वि.ए.	• वरिष्ठ प्रबन्धक, नेपाल बैंक लि. मा २८ वर्षको बैकिङ्ग अनुभव रहेको • वरिष्ठ प्रबन्धक, लुम्बिनी फाइनान्स लि. मा ३ वर्ष • नायव महाप्रबन्धक, ओम फाइनान्स लि. मा २.५ वर्ष • महाप्रबन्धक, मनास्लु विकास बैंकमा १.५ वर्ष • महाप्रबन्धक, नेपाल आवास फाइनान्स लि. मा ३ वर्ष • प्रमुख कार्यकारी अधिकृत, नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि. मा २०७३ चैत्र देखी हालसम्म कार्यरत।

९. धितोपत्र जारी गर्नुको उदेश्य :

अ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप कम्तिमा ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने भएको र सोही बमोजिम वित्तीय संस्थाको प्रबन्ध-पत्रमा जारी पूँजीको ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु.१ करोड ८० लाख रकम बराबरको शेयर पूँजी सर्वसाधारण नेपाली नागरिकहरु (कर्मचारी समेत) लाई बिक्री वितरण गरी वित्तीय संस्थाको संचालनमा सर्वसाधारणलाई समेत संलग्न गराउन।
आ) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न।
इ) वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न।

१०. सीमित दायित्व सम्बन्धी विवरण :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यस वित्तीय संस्थाको शेयरधनीहरुको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सिमित रहनेछ।

११. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :

निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता तथा अधिकतम ९०० (नौ सय) कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ। ५० (पचास) कित्ताभन्दा वढी शेयरका लागि दरखास्त दिंदा १० (दश) अंकको गुणाङ्क संख्यामा दिनु पर्नेछ। दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने रकम वा सो बराबरको रकम जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरेको हुनु पर्नेछ।

१२. वित्तीय संस्थाको विगत तीन वर्षको लेखापरीक्षण भएको तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा-नोक्सान हिसाब तथा नेटवर्थ सम्वन्धी विवरण :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु.हजारमा)			*आ.ब. २०७४/७५ पौष मसान्त	प्रक्षेपित (रु.हजारमा)**		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
शेयर पूँजी	१०,५००	१५,१६०	२१,०००	४२,०००	६०,०००	६०,०००	६०,०००
जगेडा तथा कोषहरु	(१,९०१)	(३,०६८)	९२६	१,१०८	९,०९७	२२,६१२	३६,९१७
ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
तिर्न बाँकी कर्जा सापट	२,६७०	६८,७६०	१६६,४४३	१९७,४३८	१९९,७३१	२३९,६७८	२८७,६१३
निक्षेप दायित्व	१,२४९	९,४५३	२४,७२६	३४,८९६	४२,०३४	५८,८४७	७०,६१७
भुक्तानी दिनपर्ने विलहरु	-	-	-	-	-	-	-
प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	-	-	-	-	-
आयकर दायित्व	-	-	-	-	-	-	-
अन्य दायित्व	२७५	१,९००	५,०८१	८,७३३	५,६२९	५,९११	६,२०६
जम्मा पूँजी तथा दायित्व	१२,७९२	९२,२०४	२१८,१७५	२८४,१७५	३१६,४९१	३८७,०४८	४६१,३५४

सम्पत्ति	वास्तविक (रु.हजारमा)			*आ.ब. २०७४/७५ पौष मसान्त	प्रक्षेपित (रु.हजारमा)**		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
नगद मौज्दात	२८७	१,०८९	६७३	१३,५४३	७१०	९३८	९८६
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-	-		-	-	-
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	२,३६६	७,१६६	३२,८८७		३१,९००	३२,८५७	३७,७८६
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-	-	-	-	-
लगानी	-	-	-	-	-	-	-
कर्जा सापट	८,३८१	८०,४२०	१७७,८९१	२६१,८८३	२७६,४०५	३४५,३८१	४१४,३८४
स्थिर सम्पत्ति	८४६	१,९६७	५,५६६	५,४६९	६,२३९	६,५५१	६,८७८
गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
अन्य सम्पत्ति	९१२	१,५६२	१,१५९	३,२८०	१,२३७	१,३२१	१,३१९
जम्मा सम्पत्ति	१२,७९२	९२,२०४	२१८,१७५	२८४,१७५	३१६,४९१	३८७,०४८	४६१,३५४

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु.हजारमा)			*आ.ब. २०७४/७५ पौष मसान्त	प्रक्षेपित (रु.हजारमा)**		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
व्याज आम्दानी	२९३	३,९४५	२२,८३२	१८,९४७	३४,७२६	४६,७०५	५९,६२७
व्याज खर्च	१६२	२,००८	१०,८७५	११,०३४	१८,३१४	१८,१५४	२२,३३९
खुद व्याज आम्दानी	१३२	१,९३७	११,९५७	७,९१३	१६,४१२	२८,५५१	३७,२८८
कमिशन तथा डिस्काउण्ट	१५८	१६	८८	५८	११२	१२३	१३५
अन्य सञ्चालन आम्दानी	-	१,९०४	५,११३	३,९०७	७,३०५	८,०३६	८,४३७
सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल सञ्चालन आम्दानी	२९०	३,८५७	१७,१५८	११,८७८	२३,८२९	३६,७१०	४५,८६१
कर्मचारी खर्च	१,१२०	२,९०८	५,००५	५,८५५	१०,८७१	१५,२२०	१९,७८६
अन्य सञ्चालन खर्च	१,१५१	१,८०२	४,५३३	३,००१	४,८२७	५,०६९	५,५७६
सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	(१,९८१)	(८५२)	७,६१९	३,०२२	८,१३०	१६,४२१	२०,४९९
सम्भावित नोक्सानी व्यवस्थाहरु	८५	९५३	८,७०८	८,६९८	१,१०२	८२०	८३८
सञ्चालन मुनाफा	(२,०६६)	(१,८०६)	(१,०८९)	(५,६७६)	७,०२८	१५,६०१	१९,६६१
गैर सञ्चालन आम्दानी/नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	-	२२६	७,०११	५,६९८	५,३६९	५,६३८	२,८१९
नियमित कारोवारबाट भएको मुनाफा/खर्च	(२,०६६)	(१,५८०)	५,९२२	२२	१२,३९७	२१,२३९	२२,४८०
असामान्य कारोवारबाट भएको मुनाफा/खर्च	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था पछिको खुद मुनाफा	(२,०६६)	(१,५८०)	५,९२२	२२	१२,३९७	२१,२३९	२२,४८०
कर्मचारी बोनस व्यवस्था	-	-	५३८	२	१,१२७	१,९३१	२,०४४
आयकर व्यवस्था	(६७७)	(४१३)	१,३८९	६	३,३८१	५,७९२	६,१३१
यस वर्षको	-	-	४११	६	३,३८१	५,७९२	६,१३१
गत वर्षको	-	-	-	-	-	-	-
पर सारिएको आयकर आम्दानी / (खर्च)	(६७७)	(४१३)	९७८	-	-	-	-
खुद नाफा/ नोक्सान	(१,३८९)	(१,१६७)	३,९९४	१४	७,८८९	१३,५१६	१४,३०५

*आ.ब.०७४/०७५ को पौष मसान्तसम्मको वित्तीय विवरण लेखापरीक्षण हुन बाँकी तर ब्यवस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन।

नाफा नोक्सान बाँडफाँड हिसाब

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)**		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
आम्दानीः						
गत वर्षसम्मको संचित मुनाफा	(५१२)	(१,९०१)	-	१५५	६,४३५	१५,९६०
यस वर्षको मुनाफा	(१,३८९)	(१,१६७)	३,९९४	७,८८९	१३,५१६	१४,३०५
सटही घटवढ कोष	-	-	-	-	-	-
जम्मा	(१,९०१)	(३,०६८)	३,९९४	८,०४४	१९,९५१	३०,२६६
खर्चः						
गत वर्षसम्मको संचित नोक्सान	-	-	३,०६८	-	-	-
यस वर्षको नोक्सान	-	-	-	-	-	-
साधारण जगेडा कोष	-	-	७९९	१,६०९	३,९९०	६,०५३
भैपरी आउने जगेडा	-	-	-	-	-	-
संस्था विकास कोष	-	-	-	-	-	-
लाभांश समीकरण कोष	-	-	-	-	-	-
कर्मचारी सम्बन्धी जगेडाहरु	-	-	-	-	-	-
प्रस्तावित लाभांश	-	-	-	-	-	-
प्रस्तावित बोनस शेयर	-	-	-	-	-	-
विशेष जगेडा कोष	-	-	-	-	-	-
सटही घटबढ कोष	-	-	-	-	-	-
पूँजी फिर्ता जगेडा कोष	-	-	-	-	-	-
पूँजी समायोजन कोष	-	-	-	-	-	-
अन्य (स्थगन कर जगेडा)	-	-	-	-	-	-
लगानी समायोजन कोष	-	-	-	-	-	-
संस्थागत सामाजीक उत्तरदायित्व कोष	-	-	४०	-	-	-
ग्राहक संरक्षण कोष	-	-	४०	-	-	-
कर्मचारीको दक्षता अभिवृद्धि कोष	-	-	४७	-	-	-
जम्मा	-	-	३,९९४	१,६०९	३,९९०	६,०५३
संचित मुनाफा/(नोक्सान)	(१,९०१)	(३,०६८)	-	६,४३५	१५,९६०	२४,२१३

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)**		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
चुक्ता पूँजी	१०,५००	१०,५००	२१,०००	६०,०००	६०,०००	६०,०००
जगेडा तथा कोषहरु	(१,९०१)	(३,०६८)	९२६	९,०९७	२२,६१२	३६,९१७
जम्मा	८,५९९	७,४३२	२१,९२६	६९,०९७	८२,६१२	९६,९१७
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	(२४९)	(१८५)	(९२)	(९२)	(९७)	-
जम्मा नेटवोर्थ	८,३५०	७,२४७	२१,८३४	६९,००४	८२,५१५	९६,९१७
शेयर संख्या हजारमा	१०५.००	१०५.००	२१०.००	६००.००	६००.००	६००.००
प्रति शेयर नेटवोर्थ (रु.)	७९.५२	६९.०२	१०३.९७	११५.०१	१३७.५३	१६१.५३
नेटवर्थमा प्रतिफल (%)	(१६.६३)	(१६.११)	१८.२९	११.४३	१६.३८	१४.७६
प्रति शेयर आम्दानी	(१३.२३)	(११.१२)	१९.०२	१३.१५	२२.५३	२३.८४
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

विगत २ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : १.०९%

** प्रक्षेपित वित्तीय विवरण वित्तीय संस्था आफैले तयार पारेको हो र सो वित्तीय विवरण आर.के.एस. एण्ड एसोसियट्सका चार्टर्ड एकाउटेण्टश्री राजेश कुमार साहद्वारा प्रमाणित गरिएको छ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा)	४६.४१%	४०.००%	२०.००%
कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा)	३०.०६%	२४.९५%	१९.९८%
कुल कर्जा तथा निक्षेप+पूँजीकोष अनुपात (प्रतिशतमा)	९०.०८%	९१.७८%	९२.२०%
कुल आयमा औषत बृद्धिदर	३९९.२३%	१३०.१८%	१२४.३१%
कुल खर्चमा औषत बृद्धिदर	२८१.१५%	१११.८१%	१२३.६३%
संचालन खर्च तथा कुल आम्दानी अनुपात	३७.२५%	३६.९८%	३७.१९%
खुद मुनाफामा औषत बृद्धिदर	३९८४.०३%	७१.३२%	५.८४%
निक्षेपको औषत ब्याजदर (प्रतिशतमा)	५.५०%	५.५०%	६.००%
कर्जा तथा सापटको औषत ब्याजदर (प्रतिशतमा)	१७.५०%	१६.५०%	१५.५०%
आयकर ब्यवस्था (प्रतिशतमा)	३०.००%	३०.००%	३०.००%
निस्कृय कर्जा सापट (प्रतिशतमा)	०.७५%	०.६९%	०.६६%
लगानीमा प्रतिफल	-	-	-
अन्य संचालन खर्चका वृद्धिदर	३९६.१९%	५.००%	१०.००%
कर्मचारी खर्चमा बृद्धिदर	२३०.००%	४०.००%	३०.००%
तरलता (CRR)	५.४४%	५.९०%	६.०७%
बैधानिक तरलता अनुपात (SLR)	११.५८%	११.९६%	११.९४%
पूँजीकोष पर्याप्तता (CAR)	२४.७६%	२३.९२%	२३.५०%

वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :

क) २०७५ आषाढ मसान्तसम्म कर्जा लगानी रकम रु.२६,६४,०५,०००/- प्रक्षेपित गरिएकोमा २०७४ पौष मसान्तसम्म रु.२६,७३,९२,९६९/- पुगिसकेको।
ख) २०७५ आषाढ मसान्तसम्म ब्याज आम्दानी रकम रु.३,४७,२६,०००/- प्रक्षेपित गरिएकोमा २०७४ पौष मसान्तसम्म रु.१,८९,४७,८६९/- पुगिसकेको।
ग) २०७५ आषाढ मसान्तसम्म निक्षेप परिचालन रकम रु.४,२०,३४,०००/- प्रक्षेपित गरिएकोमा २०७४ पौष मसान्तसम्म रु.३,४८,९६,६२१/- पुगिसकेको।
घ) जम्मा नाफा रकम २०७५ आषाढ मसान्तसम्म रु.७८,८९,०००/- प्रक्षेपित गरिएकोमा प्रक्षेपण बमोजिम केही कमी देखिएकोले तपसीलमा उल्लेख भए बमोजिम आषाढ मसान्तसम्म लक्ष्य अनुसार प्राप्त गरिने।

- जोखिम कोषमा २०७५ आषाढ मसान्त सम्ममा जम्मा लगानी रकमको १% कायम गर्न व्यवस्थापन लागी परेकोले हाल जोखिम कोषमा रहेको रु.५५,०९,४३१/- मध्ये करिव रु.२८,००,०००/- वित्तीय संस्थाको आम्दानीमा थप हुने देखिन्छ।
- ब्याज मुल्तबी कोषमा न्यूनतम विन्दुमा कायम राख्दा कोषमा रहेको करिव १०,००,०००/- वित्तीय संस्थाको आम्दानीमा थप हुने देखिन्छ।
- लगानीमा बाँकी साँवाको रकम प्रत्येक महिनामा बृद्धि हुँदै गएकोले ब्याज आम्दानीमा पनि थप बृद्धि हुँदै जाने हुँदा लक्ष्य प्राप्ती हुनेछ।
- यस आ.व.मा नेपाल राष्ट्र बैंकको स्वीकृती लिई वित्तीय संस्थाको कार्यक्षेत्र विस्तार गरी १० जिल्ला पुऱ्याउने र कम्तीमा थप ७ वटा शाखा कार्यालयहरु स्थापना गरी लघुवित्त कार्यक्रम गर्ने लक्ष्य तथा कार्यक्रम राखिएकोमा कार्यक्षेत्र विस्तार हुँदा सोही बमोजिम र कथंकदाचित सो नहुँदा समेत कम से कम थप २ वटा शाखा विस्तार गरी कारोबार बृद्धि भै आम्दानीमा पनि बृद्धि हुने देखिन्छ।

१. कर्जा तथा सापट :

- संस्थाको आ.ब. २०७२/७३ को आषाढ मसान्तबाट आ.ब. २०७३/७४ को आषाढ मसान्तसम्ममा असल कर्जामा करिब १.२१ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब. २०७३/७४ को आश्विन मसान्तसम्ममा करिब १९ प्रतिशतको बृद्धि भएको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः ५५, २५ र २० प्रतिशतले कुल कर्जा बृद्धि हुने प्रक्षेपण गरिएको छ।
- कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब. २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमशः १७.५०, १६.५० र १५.५० प्रतिशत हुने अनुमान गरिएको छ।
- कर्जा तथा सापटको निक्षेप र प्राथमिक पूँजीको अनुपात (CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरिएको छ। जस अनुरुप आ.ब. २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमशः ९०, ९२ र ९२ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।
- कर्जा नोक्सानी व्यवस्था आ.ब. २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि कुल कर्जा तथा सापटको क्रमशः १.२९, १.२७ र १.२६ प्रतिशत कायम रहने अनुमान गरिएको छ।

२. निक्षेपः

संस्थाको आ.ब. २०७२/७३ को आषाढ मसान्तबाट आ.ब. २०७३/७४ को आषाढ मसान्तसम्ममा जम्मा निक्षेपमा लगभग १६१/५७ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब. २०७४/७५ को आश्विनसम्ममा १६ प्रतिशतले बृद्धि भएको तर संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमशः ७०, ४० र २० प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ।

३. तरलताः

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.ब. २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमशः ११.५८, ११.९६ र ११.९४ कायम हुने गरी लगानी प्रक्षेपण गरिएका छ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब. २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमशः ५.४४, ५.९० र ६.०७ कायम हुने गरी लगानी प्रक्षेपण गरिएका छ।

४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी वोनस व्यवस्थाको लागी छुट्याइएको छ।
५. आउंदो वर्षहरुको लागी बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागी व्यवस्था गरिएको छ।
६. गत वर्षहरुको वास्तविक आंकडा तथा आउंदो वर्षको संचालन योजनाको आधारमा बैंक व्यवस्थापनद्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो।
७. पूँजी प्रयाप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ। जस अनुरुप पूँजीकोषको अनुपात आ.ब. २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमशः २४.७६, २३.९२ र २३.५० प्रतिशत र प्राथमिक पूजीको अनुपात आ.ब. २०७४/७५, २०७५/७६ / २०७६/७७ को लागि क्रमशः २३.८०, २२.९६ र २२.५३ प्रतिशत हुनेगरि प्रक्षेपण गरिएको छ।

१३. अर्न्तनिहित जोखीम तथा सो व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा निम्नानुसार रहेको छ :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- संस्थामा वित्तीय साधनको अभाव भएको अवस्थामा कर्जा लगानीमा अप्ठ्यारो पर्नसक्ने र ग्राहक सदस्यहरुबाट जम्मा गरिएको निक्षेप रकमको भुक्तानी दिन समस्या पर्नसक्ने जोखिम रहेको।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- सो नभएको।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- नयाँ वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु।
- वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु।
- निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :
- सो नभएको।

(ङ) विदेशी विनिमयको जोखिम :
- सो नभएको।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :
- सो नभएको।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुने आर्थिक जोखिमहरु।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- देशको मौद्रिक नीतिलगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु।

(झ) सञ्चालन इतिहासको अभाव :
- यस वित्तीय संस्थाले आफ्नो कारोवार २०७१/०८/०८ गतेदेखि मात्र सञ्चालन गरेको हुँदा वित्तीय संस्थाको कारोवार सञ्चालनको इतिहास छोटो रहेको छ।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :
- प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो। वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनका लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेको छ।

(ट) अन्य :
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ। त्यसै गरी ऋणी सुरक्षण कोषको व्यवस्था गरी कर्जा लगानीमा आउन सक्ने संभावित जोखिमलाई सुरक्षित तथा न्यूनिकरण गरिएको छ। वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिमः

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचिकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१४. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गरेको धितोपत्रको संख्या र रकम :

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको ५० प्रतिशत हुन आउने ९०,००० कित्ता साधारण शेयरको लागि रु.९०,००,०००/- रकम बराबरको नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाण्डौद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ।

१५. सकारात्मक पक्षहरु :

- बैंकिङ्ग तथा लघुवित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा संचालित।
- स्थापनाको छोटो समयमै ग्राहक सुहाउँदो आकर्षक सेवा तथा कार्यक्रम साथै वित्तीय संस्थाको परिकल्पना अनुरुप स्थानीय स्तरमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग प्रणालीको विकास गर्न सकेको।
- आर्थिक, राजनीतिक र प्रतिस्पर्धी बैंकिङ्ग ब्यवसाय सुहांउदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेको।

१६. धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी ब्यबस्था :

(क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकिया :

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदको लागि अत्याधिक माग भई प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको प्रावधान अनुसार आवेदकहरुमा धितोपत्र बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिने छ। यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयर खरीदकालागि दरखास्त प्राप्त हुन आएमा सोही अनुसार बाँडफाँड गरि बाँकी भएको शेयर प्रत्युतिकर्ताले प्रत्याभुति सम्झौतामा भएको व्यवस्था अनुसार प्रत्याभुत गरिने छ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :

शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को अनुसूचि ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईने छ र सोही विवरणका अनुरुप आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :

धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने।

(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :

निष्काशन गरिने साधारण शेयरहरु प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समय भित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँटमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

(ङ) धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :

सो नभएको।

(च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :

सार्वजनिक निष्काशन गरिने साधारण शेयर प्रचलित शेयर निष्काशन तथा बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई शेयर खरीद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१७. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ।

१. वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय कार्यालय) सिन्धुपाल्चोक जिल्ला साविक फटकशिला गाँउ विकास समिति (हाल मेलम्ची नगरपालिका) र शाखा कार्यालयहरु।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक-एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौ।

१८. नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुल गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावली वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय सिन्धुपाल्चोक जिल्ला साविक फटकशिला गाउँ विकास समिति वार्ड नं. ८ (मेलम्ची नगरपालिका वार्ड नं १३, फटकशिला)मा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ।
२. प्रत्येक आवेदकले कम्तीमा ५० (पचास) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ। ५० (पचास) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा अधिकतम ९ सय कित्ता बराबरको रु. नब्बे हजारसम्मको अधिकतम शेयरका लागि आवेदन दिन सक्नेछन्।

१९. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन्।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।
३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरे पश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदकालागि आवेदन दिनु पर्नेछ।
६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विववरणसंग रुजु हुनुपर्नेछ।
७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
   क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
   ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
   घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
   ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)।
   च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
   छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।
८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निस्क्रिय (Dormant) रहेको हुनु हुँदैन।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।
१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।
१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ।
१५. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरकालागि न्यूनतम ५० कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ९०० कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ।

२०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

सि.नं.	विवरण	रकम (रु.)
१.	पशुपालन तथा कृषि कर्जा	रु. १,००,००,०००/-
२.	खुद्रा व्यापार र सेवा कर्जा	रु. ५०,००,०००/-
३.	साना तथा घरेलु उद्योग कर्जा	रु. ३०,००,०००/-
	जम्मा	रु. १,८०,००,०००/-

२१. निष्काशन बैंक (Bankers to the Issue) :

धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने।

२२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं, वेवसाइट : www.nmbcl.com.np
२.	नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रीय कार्यालय, फटकशिला-८, सिन्धुपाल्चोक, वेवसाइट : www.nslbsl.com.np

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु।

२३. धितोपत्र बिक्री खुला अबधि :

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ दिन र बढिमा ३० दिन सम्म खुल्ला रहनेछ।

२४. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ (क) अनुसार यस निष्काशनलाई क्रेडिट रेटिङ्ग गराउन आवश्यक नभएको।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ। कुनैपनि लगानीकर्ताले यस निष्काशनसंग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकृत स्मृति महर्जनलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र ०१-४४३७९६३ (एक्स. ११४) मा सम्पर्क गर्न सकिनेछ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति	**: २०७५/०१/१२ गते**
निष्काशन बन्द हुने मिति (छिटोमा)	**: २०७५/०१/१६ गते (बैंकिङ्ग समय पश्चात्)**
निष्काशन बन्द हुने मिति (ढिलोमा)	**: २०७५/०२/१० गते (बैंकिङ्ग समय पश्चात्)**

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः

NMB CAPITAL
LIMITED

एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं, नेपाल, फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
इमेलः info@nmbcl.com.np वेभसाइट : www.nmbcl.com.np